# भूउपयोग र भूमि प्रशासनको स्थानीयकरण

## प्रतिवेदन तयारी तथा प्रकाशनका लागि अवधारणा पत्र

सेप्टेम्बर, २०२१

**भूउपयोग र भूमि प्रशासनको स्थानीयकरण**

**प्रतिवेदन तयारी**

**सेप्टेम्बर, २०२१**

अवधारणा पत्र

## १. पृष्ठभूमि

मुलुकमा संघीयताको अभ्यास सुरु भएको ८ वर्ष वित्न लाग्यो । संघीयतामा तीन तहको सरकारको अवधारणा अघि सारिको छ । संघीय, प्रदेश र स्थानीय तह, तीन तहको सरकारी संरचना छ । नेपालको संविधान २०७२, कार्यान्वयनपछि विगतको केन्द्रीकृत शासन व्यवस्था विकेन्द्रीकृत भएको हो । खासगरी जनतासँग प्रत्यक्ष जोडिएका कामहरु स्थानीय तहमार्फत नै सञ्चालन गरी जनतालाई अधिकतम् सेवा प्रवाह गर्ने ध्येय संघीय अभ्यासमा हुने परिकल्पना गरिएको छ । खासमा संघीयताको मर्म पनि यही हो ।

नेपालको संविधान, २०७२ को भाग ५, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड को धारा ५६ मा राज्यको संरचना (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । संविधानको अनुसूची-८ मा २२ अधिकार स्थानीय तहको हुने र सो अनुसूचीमा (४) घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, भूमिकर (मालपोत), मालपोत सङ्कलन, (१३) स्थानीय अभिलेख व्यवस्थापन र (१४) घर जग्गा धनी पुर्जा वितरण को काम स्थानीय तहबाट गर्ने भनिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद, ३, दफा ११ को ढ मा (१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेसन, नामसारी तथा दाखिला खारेज, (२) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण र तथा लगत व्यवस्थापन (३) भूमिको वर्गीकरणअनुसारको लगत, (४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआव्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण, (५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण आदी कार्य स्थानीय तहले गर्ने उल्लेख छ ।

भूउपयोग ऐन, २०७६, परिच्छेद २, दफा (६) सम्बन्धित स्थानीय भूउपयोग परिषद्ले यस ऐन बमोजिम निर्धारित भूउपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम आफ्नो क्षेत्र भित्रको भूमिलाई भूउपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्नेछ । ऐनको अनुच्छेद २ को दफा (४) मा भूमिलाई विभिन्न १० क्षेत्रमा वर्गीकरण गरिएको छ ।

यी कानुनी व्यवस्था भएपनि अहिलेसम्म भूमि प्रशासनको अभ्यास स्थानीय तहमा हुने सकेको छैन । खासगरी स्थानीकरणको अर्थ सरकारको कामहरु जुन संवैधानिक व्यवस्था छ, त्यसलाई स्थानीय तहले अभ्यास गर्ने भन्ने हो, तर कतिपय कामहरु अझै स्थानीय तहमा सुरुवात हुन नसक्दा जनताहरुले सेवा पाउन सकेका छैनन् । भूमि व्यवस्थापनको काम अहिले पनि मालपोत र नापी कार्यालयहरुले नै जिल्ला सदरमुकाममै रही गरिरहेका छन् । जुन संघीय सरकारकै मातहतमा छ ।

संविधान, ऐन, कानुनमा उल्लेख गरिएको भूमिसँग सम्बन्धित विषयहरु स्थानीयले तहले अभ्यास सुरुवात गर्न जरुरी छ । स्थानीय तहसँग यी सबै काम गर्न सक्ने जनशक्ति अभाव छ भने भएको जनशक्तिको क्षमता विकास गर्नुपर्ने पनि उत्तिकै जरुरी छ । यसै सन्दर्भमा भूमि प्रशासनलाई के कसरी स्थानीयकरण गर्न सकिन्छ ? यसको लागि स्थानीय तहहरुको के कस्तो भूमिका हुनु पर्छ भन्ने विषयमा सजिलोको अध्ययन सामग्रीको लागि एक प्रतिवेदन तयारीको लागि अवधारणा पत्र तयारी गरिएको छ ।

## २. उद्देश्य

क. भूमि प्रशासनको स्थानीयकरणबारे विभिन्न अभ्यासहरुको विवरण राखी एक उपयोगीमुलक अध्ययन सामग्री (प्रतिवेदन) तयारी गर्ने ।

## ३. विधि/प्रक्रिया

स्थानीय तहमा भूमि प्रशासन सञ्चालनको लागि सरल, सहज र सजिलो प्रक्रियाहरु के के हुन् सक्छन् । स्थानीय तहको भूमिकाहरु के कस्तो हुनुपर्छ । विभिन्न ऐन, कानुनहरुमा व्यवस्था गरिएको र स्थानीय तहले गर्नैपर्ने कामको सूची लामै छ । तर, ती कामहरु के कसरी गर्ने भन्ने विषयमा अन्यौलाहरु छन्, ती विषयहरुलाई कसरी कसरी अघि बढाउन सकिन्छ ? त्यसको विधि र प्रक्रियाहरु के कस्तो हुनुपर्छ, सेवा सुविधाहरु जनताहरुलाई के कसरी छिटो, छरितो तरिकाले उपलब्ध गराउन सकिन्छ भन्ने विषयमा खोज अध्ययन गरी उपयोगी प्रतिवेदन तयार गर्ने ।

## ४. सहभागी/जिम्मेवारी

| लेखन जिम्मेवारी | आवद्दता |
|---|---|
| जनकराज जोशी | सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| गणेशप्रसाद भट्ट | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश |

## ५. अपेक्षित उपलब्धी

- भूमि प्रशासनको स्थानीयकरणको विषयमा एक प्रतिवेदन तयार हुनेछ ।

## ६. बजेट विवरण

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र युन ह्याविट्याटबीट सहकार्यमा सञ्चालित, उद्देश्य सापेक्ष भूमि प्रशासन देशीय रणनीति कार्यान्वयन, नीति सहयोग र क्षमता विकासको लागि सहयोग परियोजना, (FFPLA), 1.5, Consultant, 1. Prepare report on localisation of land administraion focusing roles of local government बाट गर्ने ।

| क.स. | खर्च शिर्षक | जम्मा खर्च |
|---|---|---|
| १. | परामर्शदाता खर्च | २,००,०००।- |
| २. | फिल्ड भ्रमण, छलफल | ६०,०००।- |
| | जम्मा | २,६०,०००।- |

## ७. निष्कर्ष

स्थानीय तहको लागि एक सरल र सहज रुपमा बुझ्न सकिने खालको भूमि प्रशासन र त्यसको स्थानीयकरणको विषयमा अध्ययन सामग्रीको जरुरी छ । यस अध्ययन प्रतिवेदनबाट तयार हुने प्रतिवेदनले छिटो, छरितो र सरल रुपमा भूमि प्रशासनको कार्य सुरुवात गर्ने योजना बनाएको स्थानीय तहलाई सहजरुपमा मार्ग दर्शन गर्नेछ ।